**नेपाल, ३ नं. प्रदेश, भक्तपुर, चाँगुनारायण नगरपालिका**

चाँगुनारायण नगरपालिकाको स्थानीय राजपत्र

खण्ड : २ संख्या : १४ मिति : २०७५/११/०५


**भाग-१**

नगरसभाबाट पारित मिति : २०७५/१०/२९

# चाँगुनारायण नगरपालिका शिक्षा ऐन २०७४ को पहिलो संशोधन २०७५

**प्रस्तावना:**

चाँगुनारायण नगरपालिकाको शिक्षा ऐन, २०७४ मा भएको हालको व्यवस्थामा समयानुकुल केही बुदाँहरुमा संसोधन गर्नु पर्ने भएकोले नगरसभा बाट संसोधन सहित पारित भए पछि कार्यन्वयन हुने गरि निम्न बुदाहरु संसोधनको लागि नगरसभामा पेश गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस विधेयकको नाम "चाँगुनारायण नगरपालिकाको शिक्षा ऐन, २०७४ लाई संसोधन गर्न बनेको बिधेयक २०७५" रहेको छ ।

(२) यो विधेयक नगरसभाबाट पारित भएपछी प्रारम्भ हुने छ

२. ऐनको दफा ८ (२) "क" पछि "क" (१) प्रमुख प्रशासकीय अधिकृत- सदस्य थप गर्ने ।

३. ऐनको दफा ९ (१) (घ) मा हाल उल्लेख भएको प्रधानाध्यापकको सट्टामा "शिक्षक हरुको वैठक वाट निर्णय भए अनुसार" उल्लेख गरि संसोधन गर्ने ।

४. ऐनको दफा ९ (४) पछि ४ (क) थप गर्ने- सरक्षकको भूमिका निम्नानुसार हुनेछः

१. विद्यालय व्यवस्थापन तथा प्रशासन लाई नगरपालिकाको नीति अनुसार आफ्नो वडा भित्रका विद्यालयहरुको आवश्यक समन्वय, निरिक्षण र निर्देशन दिन सक्नेछ । उक्त निर्देशन पालना गर्नु विद्यायलय व्यवस्थापन तथा प्रशासनको कर्तब्य हुनेछ ।

२. विद्यायलय व्यवस्थापन समितिको वैठक तथा निर्णयको जानकारी सरक्षक लाई गराउनु पर्नेछ ।

५. ऐनको दफा १० (१) "ग" पछि "ग" (१) स्थानीय शिक्षाप्रेमी वा समाजसेवी मध्येवाट प्रमुखले मनोनयन गरेको एक --जना सदस्य थप गर्ने ।

६. ऐनको दफा १० (१) (च) मा उल्लेख भएको सदस्यलाई आमन्त्रित सदस्य गरिने ।

**आज्ञाले**
**चिरञ्जिवी तिम्सिना**
**प्रमुख प्रशासकीय अधिकृत**